# कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८३ साल बैशाख महिना २५ गते शुक्रबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

## तपशिल

**१) शाखा कार्यालय : दमक शाखा** **कर्जा शीर्षक : महिला उद्यमशील कर्जा**

### ऋणीको विवरण

नाम : **मुस्कान चिप्स** व्यवसायीको नाम : पदम कु. तामाङ्ग प्रमाण पत्र नं. : ००-२६-१०९०
दर्ता गर्ने कार्यालय : दमक नगरपालिका नगर कार्यपालिकाको कार्यालय दर्ता मिति : २०७५/०१/३१
व्यवसायको ठेगाना : झापा जिल्ला दमक वडा नं. ७ स्थायी लेखा नं. : ६०८९००६९४

### व्यवसायीको विवरण

वुद्ध बहादुर तामाङ्गको बुहारी गुमान सिंह तामाङ्गको पत्नी झापा जिल्ला दमक वडा नं. १२ हाल, दमक न.पा वडा नं. ७ बस्ने **पदम कुमारी तामाङ्ग** (ना.प्र.नं. : २३१११४४ जारी मिति र जिल्ला : २०६०/०८/२१, झापा)

### व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) बल बहादुर तामाङ्गको नाति बुद्ध बहादुर तामाङ्गको छोरा झापा जिल्ला दमक वडा नं. १२ हाल, दमक न.पा वडा नं. ७ बस्ने **गुमान सिंह तामाङ्ग** (ना.प्र.नं. : २३११४१०२६ जारी मिति र जिल्ला : २०५०/१०/०५, झापा)

२) मोहन सिंह काप्छाकी मगरको नाति रण बहादुर कापछाकि मगरको छोरा मोरङ्ग जिल्ला केराबारी वडा नं. ६ हाल, दमक न.पा वडा नं. ७ बस्ने **दल बहादुर काप्छाकी मगर** (ना.प्र.नं. :८१०/३५५ जारी मिति र जिल्ला : २०४६/०२/०६, मोरङ)

३) काजी मान तामाङको नाति विर बहादुर तामाङको छोरा मोरङ्ग जिल्ला केराबारी वडा नं. ६ हाल, दमक न.पा वडा नं. ७ बस्ने **कृष्ण बहादुर तामाङ** (ना.प्र.नं. : १८०/६८५ जारी मिति र जिल्ला : २०४६/०१/१६, मोरङ)

**२) शाखा कार्यालय : उर्लाबारी शाखा** **कर्जा शीर्षक : साधारण कर्जा**

### ऋणीको विवरण

नन्चुविर लिम्बुको नाति प्रेम बहादुर लिम्बुको छोरा मोरङ्ग जिल्ला टाँडी वडा नं. ६ हाल, मिक्लाजुङ्ग गा.पा. वडा नं. २ बस्ने **नरेन्द्र थेगिम** (ना.प्र.नं. : ०५२०१७/१६७०५ जारी मिति र जिल्ला : २०६८/०९/१७, मोरङ्ग, उर्लाबारी)

### व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

पदम बहादुर लिम्बुको नाति अमृत बहादुर लिम्बुको छोरा मोरङ्ग जिल्ला टाँडी वडा नं. ६ हाल, मिक्लाजुङ्ग गा.पा. वडा नं. २ बस्ने **बाल कुमार लिङदेन** (ना.प्र.नं. : ०५२०१७/१४१२३ जारी मिति र जिल्ला : २०६८/०५/०७, मोरङ्ग)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

# मुक्तिनाथ विकास बैंक लि.
# MUKTINATH BIKAS BANK LTD.

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ